# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २६ ] काठमाडौं, चैत १७ गते २०३३ साल [ अतिरिक्ताङ्क ४७

श्री ५ को सरकार

### गृह पञ्चायत मन्त्रालयको

### सूचना

२०३४ साल वैशाख १ गतेदेखि ऐजन चैत्र मसान्ततक वर्ष १ मा देहायबमोजिम सार्वजनिक बिदा र अरू पर्व बिदाहरू दिने श्री ५ को सरकारले निर्णय गरेको छः–

१. विभिन्न कार्यालय, अड्डाखाना तथा विद्यालयहरूलाई हरेक शनिबार दिन बाउन्न–५२

| | | | |
|---|---|---|---|
| वैशाख | ४, ११, १८, २५ | गते दिन चार | ४ |
| जेठ | १, ८, १५, २२, २९ | गते दिन पाँच | ५ |
| आषाढ | ४, ११, १८, २५ | गते दिन चार | ४ |
| श्रावण | १, ८, १५, २२, २९ | गते दिन पाँच | ५ |
| भाद्र | ४, ११, १८, २५ | गते दिन चार | ४ |
| आश्विन | १, ८, १५, २२, २९ | गते दिन पाँच | ५ |
| कार्तिक | ६, १३, २०, २७ | गते दिन चार | ४ |
| मार्ग | ४, ११, १८, २५ | गते दिन चार | ४ |
| पौष | २, ९, १६, २३ | गते दिन चार | ४ |
| माघ | १, ८, १५, २२, २९ | गते दिन पाँच | ५ |
| फाल्गुण | ७, १४, २१, २८ | गते दिन चार | ४ |
| चैत्र | ५, १२, १९, २६ | गते दिन चार | ४ |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. अरू पर्व बिदाहरू:–

(क) नववर्ष:– वैशाख १ गते बुधबार दिन एक– १

(ख) ऋषितर्पणी (रक्षा बन्धन):– भाद्र १२ गते आदित्यबार दिन एक– १

(ग) वसन्तपञ्चमी:– फाल्गुण १ गते आदित्यबार दिन एक– १

(घ) महाशिवरात्री:– फाल्गुण २४ गते मङ्गलबार दिन एक– १

(ङ) फागुपूर्णिमा (होली):– चैत्र ११ गते शुक्रबार दिन एक– १

३. जात्रा बिदाहरू उपत्यकालाई मात्र:–

(क) गाईजात्रा:– भाद्र १३ गते सोमबार दिन एक– १

(ख) इन्द्रजात्रा:– आश्विन १० गते सोमबार दिन एक– १

(ग) घोडेजात्रा:– चैत्र २५ गते शुक्रबार दिन एक– १

(घ) मछिन्द्रनाथको भोटो देखाउने दिन एक– १

४. महिला कर्मचारीको लागि मात्र हुने:–

(क) हरितालिका (तीज):– भाद्र ३१ गते शुक्रबार दिन एक– १

(ख) ऋषिपञ्चमी:– आश्विन १ गते शनिबार परेकोले बिदा नहुने कार्यालयहरूलाई दिन एक– १

(ग) नारी दिवस:– ८ मार्च १९७८ तद्नुसार फाल्गुण २५ गते बुधबार दिन आधा– $\frac{1}{2}$

५. दशैं बिदा:–

श्री ५ को सरकारको मन्त्रालय, विभाग, अड्डा, अदालत न्यायिक समिति तथा अन्य कार्यालयहरू समेतलाई आश्विन २७ गते बृहस्पतिबार घटस्थापना दिन १ त्यसपछि कार्तिक ३ गते बुधबार फुलपातीदेखि ऐजन १० गते बुधबार कोजाग्रत पूर्णिमासम्म दिन आठ– ८

६. तिहार बिदा:–

(क) लक्ष्मीपूजा:– कार्तिक २५ गते बृहस्पतिबार दिन एक– १

(ख) गो. पूजा (ह्मपूजा):– कार्तिक २६ गते शुक्रबार दिन एक– १

(ग) गोवर्धनपूजा र भातृपूजा:– कार्तिक २७ गते शनिबार परेकोले बिदा नहुने कार्यालयहरूलाई दिन एक– १

१०९६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७. दिवस बिदाः–

(क) संयुक्त राष्ट्रसंघ दिवसः– २४ अक्टोबर १९७७ तद्नुसार कार्तिक ८ गते सोमबार दिन आधा– ½

(ख) नेपाल शहीद दिवसः– माघ १६ गते आदित्यबार दिन आधा– ½

८. श्री ५ महाराजाधिराज सरकारको स्वदेश वा विदेश भ्रमणमा बाहिर सवारी होइबक्सँदा र राजधानी (काठमाडौं) फिर्ती सवारी होइबक्सँदा देहायअनुसार बिदा हुनेः–

(क) राजकीय भ्रमण गरिबक्सँदा अधिराज्यभर बिदा ।

(ख) औपचारिक भ्रमण गरिबक्सँदा (उपत्यकाभित्र) का कार्यालयहरूलाई मात्र आधा ।

९. शुभ-जन्मोत्सवः–

(क) श्री ५ महाराजाधिराज सरकारको शुभ-जन्मोत्सवः– अधिराज्यभर पौष १४ गते बृहस्पतिबार र अधिराज्यबाहिर १९७७ डिसेम्बर २८ तारीख (पौष १३ गते बुधबार) दिन एक– १

(ख) श्री ५ बडामहारानी सरकारको शुभ-जन्मोत्सवः– अधिराज्यभर र अधिराज्यबाहिर कार्तिक २२ गते सोमबार १९७७ नोभेम्बर ७ तारीख दिन महिला कर्मचारीलाई मात्र दिन एक– १

१०. जन्म–जयन्तीहरूः–

(क) गौतमबुद्धजयन्तीः– वैशाख २१ गते मङ्गलबार दिन एक– १

(ख) कृष्णजयन्तीः– भाद्र २० गते सोमबार दिन एक– १

(ग) राष्ट्रपिता श्री ५ त्रिभुवनजयन्ती तथा प्रजातन्त्र दिवसः– फाल्गुण ७ गते शनिबार परेकोले बिदा नहुने कार्यालयहरूलाई दिन एक– १

(घ) श्री ५ बडा महाराजाधिराज पृथ्वी नारायण शाहको शुभ-जयन्तीः– पौष २७ गते बुधबार दिन एक– १

(ङ) श्री ५ महेन्द्रजयन्ती तथा संविधान दिवसः– पौष १ गते शुक्रबार दिन एक– १

११. हाजिर हुने र छुट्ने समयः–

मन्त्रालय तथा कार्यालयहरूको हकमा मार्ग, पौष र माघ ३ महीना बिहान १० बजे हाजिर भै बेलुका ४ बजे छुट्ने बाँकी ९ महीना १० बजे हाजिर भै बेलुका ५ बजे छुट्ने ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१२. निम्नलिखित उत्सव समारोहमा उपस्थितिको निमित्त तोकिएको दिन, ठाउँ र समय सूचना भएबमोजिम गर्ने ।

(क) श्री ५ महाराजाधिराज सरकारको शुभ-जन्मोत्सवमा उपस्थित हुने ।
(ख) श्री ५ महाराजाधिराज सरकारको बाहुलीबाट टीका थाप्ने ।
(ग) श्री ५ महेन्द्रजयन्ती तथा संविधान दिवसमा उपस्थित हुने ।
(घ) राष्ट्रपिता श्री ५ त्रिभुवनजयन्ती तथा प्रजातन्त्र दिवसमा उपस्थित हुने ।
(ङ) श्री ५ पृथ्वीजयन्तीमा उपस्थित हुने ।
(च) श्री ५ महाराजाधिराज सरकारबाट वसन्तश्रवण गरिबक्सने दिन ।
(छ) बडादशैं फुलपातीको दिन उपस्थित हुने ।
(ज) घोडेजात्राको तमासामा उपस्थित हुने ।
(झ) महाशिवरात्रीको बढाइँमा उपस्थित हुने ।

१३. माथि लेखिएबमोजिम बिदा पाउनेमा रोजनामा काम हुने मन्त्रालय तथा कार्यालयहरू जस्तैः– अस्पताल, रोपवे, तार, टेलिफोन, प्रहरी थाना, चौकी, फायर बृगेड, टक्सार, रेडियो नेपाल, श्री ५ को सरकारको छापाखाना, आकाशवाणी र हुलाकसमेतको काम कहिल्यै रोक्न नहुने कार्यालयहरूको निमित्त सरकारी कामकाज रोक्न नपाउने गरी प्रचलित कानूनबमोजिम रीत पुऱ्याई मात्र बस्न पाइनेछ ।

टिप्पणीः–

आधा दिन भन्नाले मार्ग, पौष र माघ ३ (तीन) महीनाको निमित्त दिनको १ बजे र बाँकी ९ (नौ) महीनाको लागि दिनको १½ बजे भन्ने सम्झनुपर्छ ।

आज्ञाले–
शेरबहादुर शाही
श्री ५ को सरकारको सचिव

१०१८

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।